# सर्वोच्च अदालतको प्रेस विज्ञप्ती

न्याय परिषद्को सदस्य पदमा रही न्याय र कानूनको क्षेत्रमा राष्ट्रलाई योगदान पुऱ्याउनु भएका लक्ष्मीबहादुर 'निराला' खड्कालाई हामी उच्च सम्मानकासाथ स्मरण गर्दछौं। वि.सं. २०००।१०।०२ मा जन्मनु भएका खड्का मिति २०२५।०६।०२ मा अधिवक्ता, मिति २०५३।१२।२९ मा बरिष्ठ अधिवक्ता हुनुभएको र मिति २०६२।०९।११ देखि २०६३।०१।०५ सम्म नेपालको महान्यायाधिवक्ता रहनु भएको थियो। मिति २०७६।०९।२२ देखि न्याय परिषद्को सदस्य पदमा नियुक्त भई पदमा वहाल रहेकै अवस्थामा ७७ बर्ष ३ महिनाको उमेरमा मिति २०७८।०१।२१ गते भएको उहाँको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं।

बिभिन्न पदीय जिम्मेवारी र भूकिकामासमेत रही करिव ५३ बर्ष न्याय र कानूनको क्षेत्रमा सक्रिय रुपमा क्रियाशील रहनुभएका स्वर्गीय लक्ष्मीबहादुर 'निराला' खड्काको निधनबाट राष्ट्रले एउटा सच्चा राष्ट्रप्रेमी र न्यायिक व्यक्तित्वलाई गुमाएको छ। यस दुःखद् घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरी शोक सन्तप्त परिवारजनमा हार्दिक समावेदना प्रकट गर्ने गरी सर्वोच्च अदालतको मिति २०७८।०१।२२ मा बसेको आकस्मिक पूर्ण बैठकले निर्णय गरेको बेहोरासमेत जानकारी गराइन्छ।

मिति : २०७८।०१।२२

देवेन्द्र ढकाल

सहप्रवक्ता